# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१० बारा, २०८३ असोज ६ गते मंगलबार / एकादशी / नेपाल संवत् ११४६ / Tuesday, September 22 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## पर्साको धोबिनीमा चोरी भएको घरमा महिला मृत फेला



वीरगञ्ज, ५ असोज / पर्साको धोबिनी गाउँपालिका-५, धोबिनीमा घरमा चोरी भएको अवस्थामा एक महिला घरभित्रै मृत फेला परेकी छन् ।

धोबिनीका श्रीनिवास साह तुराहाकी श्रीमती ५५ वर्षीया लखराव देवी साह तुराहा सोमबार बिहान घरको दोस्रो तलाको कोठामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

प्रहरीका अनुसार आइतबार राति श्रीनिवास र उहाँकी श्रीमती तीनतले पक्की घरको छुट्टाछुट्टै तल्लामा सुतेका थिए । श्रीनिवास पहिलो तलामा र लखराव देवी दोस्रो तलाको कोठामा सुतेकी थिइन् ।

रातिको समयमा अज्ञात समूहले घरको झ्याल तोडेर दोस्रो तलामा प्रवेश गरी दराज फोडेर गरगहना चोरी गरेको प्रारम्भिक जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ ।

सोमबार बिहान नियमित रूपमा पूजा गर्न श्रीमती नआएपछि श्रीनिवास माथिल्लो तलामा पुग्दा लखराव देवी मृत अवस्थामा भेटिएकी थिइन् । त्यसपछि उहाँले प्रहरीलाई खबर गर्नुभएको थियो ।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय लंगडी, इलाका

बाँकी तेश्रो पेजमा

## निजगढ विमानस्थल निर्माण पीपीपी मोडेलमा अघि बढाउन सांसद साहको माग

काठमाडौं, ५ असोज / बारा निर्वाचन क्षेत्र नं. ३ का सांसद अरविन्द साहले लामो समयदेखि अलपत्र परेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलबाट तत्काल अघि बढाउन सरकारसँग माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै सांसद साहले विमानस्थल निर्माणका नाममा विगत दुई दशकदेखि राज्यले अध्ययन, जग्गा मुआब्जा, तारबार, नदी नियन्त्रण, वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए), मास्टर प्लान तथा विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) लगायतका काममा अर्बौं रुपियाँ खर्च गरिसकेको बताउनुभयो ।

निर्माण कार्यमा भइरहेको ढिलाइका कारण राज्यको लगानी निष्क्रिय हुनुका साथै आयोजनाको लागतसमेत बढ्दै गएको उहाँको भनाइ थियो । विमानस्थल निर्माणमा ढिलाइ हुँदा मुलुकले प्राप्त गर्न सक्ने राजस्व, रोजगारी र आर्थिक गतिविधिका अवसरसमेत गुमिरहेको उहाँले बताउनुभयो ।




प्रधानमन्त्री वालेन्द्र साहले निजी क्षेत्रलाई विमानस्थल निर्माणमा नेतृत्व लिन गर्नुभएको आह्वानको स्वागत गर्दै सांसद साहले सार्वजनिक-निजी साझेदारीको अवधारणाबाट आयोजना अघि बढाउनुपर्ने बताउनुभयो ।

उहाँले विमानस्थल निर्माणको प्रारम्भिक चरणमा करिब तीन हजार हेक्टर क्षेत्रफलमा काम सुरु गरी आवश्यकताअनुसार क्रमश: विस्तार गर्न सरकारलाई सुझाव दिनुभयो ।

विमानस्थल निर्माण क्षेत्रभित्र रहेका बस्ती तथा स्थानीय नागरिकको तथ्याङ्क व्यवस्थित रूपमा सङ्कलन गर्नुपर्नेमा पनि सांसद साहले जोड दिनुभयो । प्रभावित नागरिकलाई वैकल्पिक जग्गा तथा उचित क्षतिपूर्तिसहित सम्मानजनक रूपमा पुनर्स्थापना गर्नुपर्ने उहाँको भनाइ थियो ।

विकास आयोजना अघि बढाउँदा स्थानीय बासिन्दाको अधिकार र पुनर्स्थापनाको विषयलाई प्राथमिकतामा राखेर राज्यले स्पष्ट योजना बनाउनुपर्ने बताउँदै उहाँले विकास परियोजनाका नाममा प्रभावित नागरिकलाई अन्याय हुने अवस्था सिर्जना गर्न नहुने धारणा राख्नुभयो । सांसद साहले निजगढ विमानस्थललाई लामो समयसम्म अध्ययन र बहसमै सीमित नराखी अहिलेसम्म निर्माण भएका पूर्वाधार तथा राज्यले गरेको लगानीलाई उपयोग गर्दै निर्माणको ठोस प्रक्रिया तत्काल अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## धार्मिक संरचना संरक्षण गर्दै मुख्य सडक विस्तार गरिने

वीरगञ्ज,५ असोज /वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले मुख्य सडक विस्तारका क्रममा सडक सीमाभित्र पर्ने धार्मिक तथा ऐतिहासिक महत्वका मठमन्दिर, मस्जिदलगायत संरचना यथास्थानमै संरक्षण गरी सडक पुनर्निर्माणको काम अघि बढाइने बताउनुभएको छ ।



मुख्य सडक विस्तारबाट प्रभावित घरधनी तथा उनीहरूका प्रतिनिधिसँग सोमबार भएको छलफलमा महानगर प्रमुख सिंहले धार्मिक तथा ऐतिहासिक महत्व बोकेका संरचनाको संरक्षण गर्दै सडक विस्तारको काम अघि बढाउन सम्बन्धित निकायलाई आग्रह गरिसकेको जानकारी दिनुभयो ।

धार्मिक संरचनाको संरक्षणलाई समेत ध्यानमा राखेर सडक विस्तारको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको उहाँले बताउनुभयो ।

सडक सीमामा पर्ने महावीरस्थान मन्दिर, बिर्तामाई मन्दिर, अलखियामठ तथा छपकैयास्थित इदगाह र कबरगाहलगायत धार्मिक संरचना यथास्थानमै रहने गरी सडक निर्माणको काम अघि बढाइने उहाँले स्पष्ट पार्नुभयो

छलफलका क्रममा सडक विस्तारबाट प्रभावित घरधनीका समस्या तथा गुनासो सम्बोधन गर्दै प्रमुख सिंहले सडक सीमा छाडेर नयाँ संरचना निर्माण गर्दा कायम गर्नुपर्ने पाँच फिट ‘सेडब्याक’ सम्बन्धी व्यवस्थामा समेत पुनर्विचार गरिने बताउनुभयो ।

मुख्य सडक क्षेत्रमा आवश्यक सुविधा र सहजता कायम हुने गरी

बाँकी तेश्रो पेजमा

## तीन नेपाली किशोरीलाई भारत लैजाँदै गरेको आरोपमा भारतीय नागरिक पक्राउ

रौतहट, ५ असोज / परिवारलाई जानकारी नदिई तीन नेपाली किशोरीलाई भारततर्फ लैजाँदै गरेको आरोपमा एक भारतीय नागरिक पक्राउ परेका छन् ।

भारतीय सीमा सुरक्षा बल ( एसएसबी) र भारतीय प्रहरीको संयुक्त टोलीले मकवानपुरका तीन किशोरीलाई ग्रामीण तथा वैकल्पिक बाटो हुँदै भारततर्फ लैजाँदै गरेको अवस्थामा भारतको बिहारस्थित पूर्वीचम्पारण जिल्लाको कुण्डवा चैनपुरबाट २३ वर्षीय सलाउद्दीन अन्सारीलाई पक्राउ गरेको हो ।




प्रारम्भिक अनुसन्धानका क्रममा वीरगञ्ज-रक्सौल र गौर सीमामा सुरक्षा निगरानी कडा रहेकाले अन्सारीले ग्रामीण तथा वैकल्पिक बाटो प्रयोग गरी किशोरीहरूलाई भारततर्फ लैजान खोजेको खुलेको भारतीय प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार अन्सारीले किशोरीहरूलाई विभिन्न प्रलोभनमा पारी भारत लैजान खोजेको आशंका गरिएको छ । उद्धार गरिएका तीनै किशोरी मकवानपुरको राईगाउँका रहेको जनाइएको छ । उनीहरूमा १५ वर्षीया ज्योशा राई, १६ वर्षीया नवीना परियार र १७ वर्षीया मनीषा विष्ट रहेका छन् ।

पक्राउ परेका अन्सारीको साथबाट एउटा विद्युतीय स्कुटर, पाँच थान मोबाइल फोन, आधार कार्ड, प्यान कार्ड, नेपाली रुपियाँ ५१० र भारतीय रुपियाँ ५२० बरामद भएको प्रहरीले जनाएको छ ।

अन्सारी पूर्वीचम्पारण जिल्लाको ढाका थाना क्षेत्रअन्तर्गत हारूनी गाउँका बासिन्दा रहेको भारतीय प्रहरीले जनाएको छ। उनीमाथि थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ ।

मोतीहारीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) स्वर्ण प्रभातले अदालतबाट आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि उद्धार गरिएका किशोरीलाई नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइने बताउनुभएको छ । पक्राउ परेका अन्सारीमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि

बाँकी तेश्रो पेजमा

## पोखरीमा डुबेर बेपत्ता बालक मृत फेला

सर्लाही, ५ असोज / सर्लाहीको लालबन्दी नगरपालिका-१२ जियाजोरस्थित पोखरीमा डुबेर आइतबारदेखि बेपत्ता भएका १५ वर्षीय बालक सोमबार मृत अवस्थामा फेला परेका छन् ।

लालबन्दी नगरपालिका-११ हीरापुरका देवेन्द्र ठाकुरका छोरा राजु ठाकुरको शव सोमबार दिउँसो फेला परेको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ ।

प्रहरीका अनुसार आइतबार अपराह्न करिब ४ बजे लखन्देही खोला पारी निजी जग्गामा खनिएको खाल्डोमा जमेको पानीमा पौडी खेल्ने क्रममा ठाकुर डुबेर बेपत्ता भएका थिए । उनीसँगै पौडी खेल्न गएका अन्य बालक भने सकुशल बाहिर निस्किएका थिए ।

घटनालगत्तै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले आइतबार साँझ करिब तीन घण्टा खोजी गरे पनि ठाकुर फेला परेका थिएनन् ।

सोमबार बिहानैदेखि खोजीलाई तीव्र पारिएको थियो । सशस्त्र प्रहरी

बाँकी तेश्रो पेजमा

## ब्राउन सुगरसहित भारतीय नागरिक पक्राउ




बारा,५ असोज/ बाराको विश्रामपुर गाउँपालिका-४ बलिरामपुरबाट प्रहरीले ७.३५ ग्राम ब्राउन सुगरसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

बाँकी तेश्रो पेजमा

## सम्पादकीय........

### स्थानीय सरकारमा बेथिति, सुशासनको ठूलो चुनौती

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८२/८३ को ३६औं वार्षिक प्रतिवेदनले साँगु न्यूज स्थानीय तहमा संस्थागत हुँदै गएको भ्रष्टाचार र बेथितिको भयावह चित्र सार्वजनिक गरेको छ। प्रतिवेदनअनुसार देशभरमै सबैभन्दा बढी उजुरी पर्ने शीर्ष १० स्थानीय तहको सूचीमा बारा जिल्लाका तीनवटा स्थानीय तह( जीतपुरसिमरा उपमहानगरपालिका, सुवर्ण गाउँपालिका र पचरौता नगरपालिका पर्नु अत्यन्तै चिन्ताजनक विषय हो। सिंहदरबारको अधिकार र बजेट गाउँ(गाउँमा पुऱ्याउने उद्देश्यसहित स्थापित स्थानीय सरकारहरू नै बदनामीको केन्द्र बन्नुले संघीयताको मूल मर्ममाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ।प्रतिवेदनको तथ्याङ्क हेर्दा सुवर्ण गाउँपालिकाविरुद्ध अघिल्लो वर्षको बाँकी र नयाँ गरी १३३ वटा, जीतपुरसिमरा उपमहानगरपालिकाविरुद्ध १३० वटा र पचरौता नगरपालिकाविरुद्ध ९५ वटा नयाँ उजुरी दर्ता भएका छन् ।

यी स्थानीय तहहरूमा विकास निर्माण, सार्वजनिक खरिद, योजना कार्यान्वयन, आर्थिक कारोबार र सेवा प्रवाहमा व्यापक अनियमितता भएका दाबी नागरिक उजुरीहरूले गरेका छन् साँगु न्यूज। यो केवल एउटा जिल्लाको मात्र समस्या होइन, बरु मधेस प्रदेश र समग्र देशकै स्थानीय सरकारहरूमा मौलाएको वित्तीय अराजकताको प्रतिनिधि चित्र हो।अख्तियारमा उजुरी पर्नु आफैंमा अन्तिम दोषी ठहर हुनु त होइन, तर यसले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको कार्यशैलीप्रति नागरिकको चरम असन्तुष्टि र अविश्वासलाई प्रष्ट पार्छ । उपभोक्ता समिति गठनमा दलीय भागबन्डा, प्राविधिक लागत इस्टिमेटभन्दा कम काम गरेरै भुक्तानी दिने प्रवृत्ति, लक्षित वर्गको बजेटमा मनोमानी र प्रशासनिक खर्चमा हुने फजुलखर्चीले यी पालिकाहरूलाई उजुरीको केन्द्र बनाएका हुन्। जब जनभावनाअनुसार काम हुनुपर्ने स्थानीय सरकार नै अपारदर्शी ढंगले चल्न थाल्छ, तब नागरिकहरू विकल्पका रूपमा उजुरी गर्न बाध्य हुन्छन्।

यस परिस्थितिलाई सुधार्न अब केवल उजुरीको चाङ मात्र हेरेर बस्ने समय छैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस्ता गम्भीर र धेरै उजुरी परेका स्थानीय तहमाथि विशेष निगरानी र द्रुत छानबिन प्रक्रिया अगाडि बढाउनुपर्छ, ताकि दोषीले सजाय पाओस् र निर्दोषको प्रतिष्ठा जोगियोस् साँगु न्यूज। सँगसँगै, बाराका यी पालिकाहरूले आफ्नो आन्तरिक सुशासन, आर्थिक अनुशासन र सार्वजनिक सुनुवाइ जस्ता पारदर्शी प्रक्रियालाई तत्कालै सुदृढ गर्न आवश्यक छ। स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको अभिभावक हो; यसलाई भ्रष्टाचारको अखडा बन्न नदिन नेतृत्वले बेलैमा चेत्नुपर्छ।

# समृद्धिको आधार संविधान




- संविधान उत्कृष्ट लोकतान्त्रिक तथा सबैलाई समेट्ने दस्तावेज
- संविधान संशोधन प्रक्रिया लचिलो र समयसापेक्ष हुनु पर्छ
- राज्यका पदाधिकारीले इमानदारीपूर्वक दायित्व पूरा गर्नु पर्छ



रामनारायण बिडारी

नेपाल लामो समयसम्म संविधानवादको मुलुकका रूपमा चल्न पाएन। यसलाई २००७ सालमा तत्कालीन राजा त्रिभुवनले देशका नाममा सम्बोधन गर्दा "अबउप्रान्त दुई वर्षभित्र विधान सभाको निर्वाचन गरी गणतान्त्रिक संविधान जारी गरिने छ" भनी महसुस गरेका थिए । यो भनाइको आवश्यक विश्लेषण त छुट्टै ठाउँमा व्याख्या गरौंला ।

यहाँ संविधान दिवसलाई सम्झेर केही कुरा गरिँदै छ। २००७ सालमा राजाले गरेको घोषणा २०६४ सालमा सुरु भई २०७२ सालमा पूरा भएको छ । यसका निम्ति धेरै आन्दोलन, सङ्घर्ष, बलिदान भए । यसबिचमा २००४ सालको विधानलाई बाहेक गर्दा पनि छ वटा संविधान जारी भए। ती सबै संविधान २०७२ मा बनेको वर्तमान संविधानबाहेक राजाबाटै राजकीय शक्ति प्रयोग गरी जारी गरिएका हुन्। नेपालमा पहिलो पटक संविधान सभाको निर्वाचन भई सोही संविधान सभाको पुनः दोस्रो पटक चुनाव भई निर्वाचित जनप्रतिनिधिले मसौदा गरी नेपाली जनताले नेपाली जनताका निम्ति जारी गरेको २०७२ सालको नेपालको संविधान नै हो । यसलाई संविधान सभामा रहेका सदस्यहरूको ९८ प्रतिशतले हस्ताक्षर गरेका छन् । त्यसैले नेपालको युगौंयुगदेखिको कसरतबाट प्राप्त यो प्रथम संविधानको नेपाली जनताले दिवस मनाउनु परम कर्तव्य हो ।

सन् १९४९ मा भारतमा पनि संविधान सभाबाट संविधान जारी भएको हो । भारतीय संविधान, संविधान सभामा सामान्य बहुमतबाट पारित भएको हो । भारतीय संविधान जारी हुने क्रममा भारतमा महात्मा गान्धी जस्ता तपस्वीको हत्या भयो । भारत देश नै टुक्रियो, तैपनि सो संविधान आजसम्म सक्रिय रूपमा चल्तीमा छ । भारतको विकास यही संविधानको बाटोबाट भइरहेको छ । महात्मा गान्धी अमर भएका छन् । देश तीव्र गतिमा विकासको बाटोमा छ । जुन राजनीतिक दलले जितेर सरकार चलाए पनि संविधानलाई शिरोधार्य गरी सरकार चलेको छ । संविधानको विषयलाई लिएर दलहरूमा खिचलो छैन; बरु यो संविधानलाई दलहरू मिलेर आवश्यक परिमार्जन गरेर आएका छन् ।

चीनमा पनि माओको नेतृत्वमा सन् १९४९ मै चीनको संविधान जारी भयो । यो संविधान पनि आजसम्म चलिरहेको छ । यही संविधानलाई टेकेर चीन विश्वको प्रथम शक्तिशाली मुलुक बन्न लागेको छ । नेतृत्व परिवर्तन हुँदा पनि संविधानलाई आधार मानेर आवश्यक परिमार्जन गरी संविधान चलिरहेको छ । अमेरिकामा पनि २४० वर्षअगाडि जारी भएको संविधान चलिरहेको छ । यही संविधानलाई साधन बनाएर अमेरिका विश्वको पहिलो शक्तिशाली मुलुकका रूपमा गर्जिरहेको छ। यो संविधानलाई त्यहाँको सिनेटले आवश्यक परिमार्जन गरेर, अनावश्यक संशोधनका प्रस्तावलाई तामेलीमा राखेर शासनव्यवस्था चलाइरहेको छ ।

विसं २००७ मै नेपालमा राजाले घोषणा गरेको विधान सभाको निर्वाचनबाट संविधान जारी नगरी विभिन्न कालखण्डमा नयाँ नयाँ संविधान जारी गरेर देशलाई अस्थिर बनाउने कार्य नेपालका तत्कालीन शासकले गरेर हाम्रो देश अविकसित हुन पुग्यो। संविधानको मार्गमा हिँडेर देश विकास हुने कुरा माथि उल्लेख गरिएका देश र विश्वका अनेक अरू देश छन् । त्यसैले नेपालको संविधानलाई आधार बनाएर देश विकासको बाटोमा जान नेपालमा भर्खर बनेको नेपाल सरकारको नेतृत्वलाई सुनौलो अवसर छ। यो अवसर सदुपयोग गर्दै नेपाली जनताले नेपाली जनताका निम्ति जारी गरेको नेपालको संविधानको पूर्ण पालना र परिमार्जन गरी देश विकासमा र जनअधिकारका निम्ति अगाडि बढ्नु एक मात्र विकल्प रहेको छ । नेपाल सरकारले यही मार्ग अवलम्बन गरेमा नेपालको विकास निश्चित छ । विश्वका संविधानलाई दाँजेर हेर्दा यो संविधान उत्कृष्ट लोकतान्त्रिक छ । विश्वमा यस्तो कुनै संविधान छैन; जसको विरोधै नभएको, संशोधन नै नहुने प्रकारको होस्। संविधान राजनीतिक तथा कानुनी दस्ताबेज भएकाले विचारका आधारमा यसको विरोध हुनु स्वाभाविक हो ।

संविधान समाजको ऐना भएकाले समाज अनुरूप यो समयसापेक्ष हुने भएकाले यसको समयानुसार संशोधन हुनु पनि सामान्य कुरा हो । त्यसैले भारत, चीन, अमेरिकाका संविधान बारम्बार संशोधन भइरहेका छन् । नेपालको संविधान पनि संशोधन गर्न लचिलो छ। यो संविधान संशोधनमा कठोर होइन र छैन। यो संविधानले सबै वर्ग, समुदाय, क्षेत्र, लिङ्ग, राष्ट्रियतालाई समेटेको छ। यसका कमजोरीलाई समयसापेक्ष संशोधन गर्ने अधिकार सङ्घीय संसद्लाई दिएको छ । यसको व्याख्या हालै सर्वोच्च अदालतको संवैधानिक इजलासले पनि अस्थायी रूपमा गरेको छ । पछि यसलाई स्थायी रूपमा व्याख्या गर्ने नै छ। यसलाई 'ल्यान्डमार्क डिसिजन' (ल्यान्डमार्क निर्णय) का रूपमा संविधान अनुरूप सबैले पालना गर्नु नागरिक कर्तव्य हुन पुगेको छ । यसरी संविधानको परिमार्जन, व्याख्या, छलफल गर्दै यसैको मार्गबाट देश विकासमा जानु आमनागरिकको कर्तव्य हुन जान्छ। यो नै संविधान दिवसको सन्देश सबैले दिनु पनि कर्तव्य हो ।

राज्यका कुनै पदाधिकारीले संविधानको व्याख्या र प्रयोग गलत गरेको खण्डमा, संविधानले नै यसलाई सही व्याख्या र प्रयोग गर्न आवश्यक निर्णय दिन सर्वोच्च अदालतमा संवैधानिक इजलासको व्यवस्था गरेको हो । यो इजलास गठन सम्बन्धमा बेला बेलामा विवाद भएको पनि देखिन्छ । यसलाई संविधानले किटान गरेको कुरालाई पालना गर्ने हो भने संशोधन नगरीकन पनि अगाडि बढ्न सकिन्छ । सहमतिले संविधान संशोधन गरेर प्रधान न्यायाधीशलाई संवैधानिक परिषद्मा नराखेर पनि अगाडि बढ्न सकिन्छ । राज्यका पदाधिकारीले गलत प्रयोग गरेर संविधानलाई मिचे भने त्यो संविधानको दोष होइन, त्यो त पदाधिकारीको दोष हो । उदाहरणका निम्ति तत्कालीन प्रधानमन्त्रीले संसद् विघटन गरेपछि सो संसद् पुनर्बहाली गर्ने/गराउने कार्य सर्वोच्च अदालतले गरेको हो । यस्तै प्रक्रिया चलिरहन्छ । संविधानवादको सिद्धान्त अँगालेर अगाडि बढ्नु नै राज्यका संयन्त्रहरूको अनिवार्य कर्तव्य हो र यही संविधान दिवस मनाउनुको अर्थ हुन जान्छ ।

संविधान बनाउँदा वा अन्तिम मसौदा गर्दा संविधानमा उल्लेख अनुसूचीहरूमा भने राम्रोसँग र पर्याप्त छलफल हुन सकेन। संविधान तत्काल जारी गर्ने र नगर्ने सम्बन्धमा अलि बढी झन्झट बर्सियो । यसमा दलहरू संयम भएर एकमतले निर्णय गरे- संविधान तत्कालै जारी गर्ने । यसमा झिनो एक प्रतिशत जति असन्तुष्ट देखिएका थिए । पछि ती असन्तुष्ट दल पनि संविधानका प्रावधानमा विचार फरक राख्दै कार्यान्वयनमा आए। अनुसूचीहरूमा अलि गडबड, अमिल्दो र हचुवा पनि देखिन्छ तर यसलाई संविधानको मर्म अनुरूप सहमति, सहकार्य र समन्वयमा कार्यान्वयन गर्न दलहरू र सरकारले सक्ने नै देखिन्छ ।

यसै गरी धर्मनिरपेक्षताको स्पष्टीकरणमा पनि खास छलफल भएन । सो स्पष्टीकरणबाट यो संविधानमा यो विषयवस्तुको नयाँ ढाँचामा व्याख्या भएको छ । यस्तो व्याख्या विश्वका अन्य संविधानमा देखिँदैन । दलहरूको प्रतिबन्ध र प्रेसहरूको स्वतन्त्रतामा व्यापक छलफल भएको थियो । तत्कालीन दलहरू दल प्रतिबन्ध र प्रेसमाथिको दमन साथै प्रतिबन्धदेखि डराएर पूर्ण प्रेस स्वतन्त्रतासहित प्रेसका सामग्रीहरू जफत गर्न, नियन्त्रण लिन रोक लगाइएको साथै दलहरूमाथिको प्रतिबन्ध गर्न नसक्ने व्यवस्था किटान गरिएको छ। मौलिक हकहरू सबै उल्लेख छन्। यसलाई कार्यान्वयन देशको विकासको गतिमा हुने कुरा हो । देश विकास भएमा स्वास्थ्य, शिक्षा आदि पूर्ण रूपमा निःशुल्क हुने हो । रोजगारी, वासस्थान उपलब्ध गराउने हो । गर्न नसक्ने कुरा किन लेखेको भनेर आलोचना देखिन्छ। यसको कुरा के हो भने मुलुक विकास भएपछि त गर्न सकिन्छ नि, संविधानमा लेखेपछि । यही कारण संविधानमा लेखियो । अब देश विकास गरौं र कार्यान्वयन गरौं । तसर्थ सरकारको ध्यान देश विकास र जनअधिकारमा जानुपर्ने अवस्था छ ।

लामो समय राजनीतिक स्वतन्त्रताको निम्ति सङ्घर्ष गरेर अघिल्लो पुस्ताले जीवनको महत्वपूर्ण समय बिताउन बाध्य भए। २०७२ को संविधानले नयाँ र युवापुस्तालाई विकास, समृद्धि र जनअधिकार प्रयोग गर्न सरल भएको महसुस भएको छ । संविधानकै उपजका रूपमा सरकार बनेका छन्, चलेका छन्। संविधानले देश र जनताको आशा र भरोसा साकार रूपमा प्राप्त गर्न सकोस् ।

**साभार: गोरखापत्र**




किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ। रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ। किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ। ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ।

# पक्राउ परेका सबैलाई अनिवार्य हतकडी नलगाउन सर्वोच्चको अन्तरिम आदेश

काठमाडौँ, ५ असोज / सर्वोच्च अदालतले पक्राउ परेका सबै व्यक्तिलाई यान्त्रिक रूपमा अनिवार्य हतकडी नलगाउन प्रहरी प्रधान कार्यालयका नाममा अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीशद्वय नहकुल सुवेदी र शान्तिसिंह थापाको संयुक्त इजलासले हतकडी लगाउनैपर्ने अवस्था नदेखिएका व्यक्तिका हकमा अन्यथा स्पष्ट कानुनी व्यवस्था, कार्यविधि वा मापदण्ड नबनेसम्म पक्राउ परेका हरेक व्यक्तिलाई अनिवार्य रूपमा हतकडी नलगाउन आदेश दिएको हो ।



रोशन आउजीसमेतले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाइएको थियो ।

अदालतले प्रचलित कानुनबमोजिम पक्राउ परेका व्यक्तिलाई भाग्नबाट रोक्न वा पक्राउ गर्ने क्रममा आवश्यक बल प्रयोग गर्न सकिने व्यवस्था भए पनि हतकडी लगाउने वा नलगाउने विषयमा स्पष्ट कानुनी व्यवस्था, कार्यविधि वा मापदण्ड नरहेको उल्लेख गरेको छ ।

पक्राउ परेका व्यक्तिलाई हतकडी लगाउने कार्यलाई अदालतले सुरक्षा प्रयोजनका लागि गरिने उपायका रूपमा मात्र बुझ्नुपर्ने जनाएको छ । व्यक्तिको मौलिक हक तथा व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्दै कानुनको शासनका न्यूनतम मान्यताको समेत पालना गर्नुपर्ने आदेशमा उल्लेख छ ।

कुनै व्यक्तिविरुद्ध जाहेरी वा प्रतिवेदन परेको, पक्राउ पुर्जी जारी भएको वा अभियोग लागेको आधारमा मात्र स्वचालित रूपमा हतकडी लगाउनु संवैधानिक तथा कानुनी व्यवस्थाको मर्मअनुकूल नहुने अदालतको ठहर छ ।

अदालतले पक्राउ परेका व्यक्तिबाट भाग्ने जोखिम, निजको व्यवहार तथा आफू वा अरूलाई क्षति पुऱ्याउन सक्ने सम्भावनालगायत वस्तुगत अवस्थाको विश्लेषण गर्नुपर्ने जनाएको छ । हतकडी प्रयोग नगरी नहुने अपरिहार्य परिस्थिति देखिएमा मात्र त्यसको कारण अभिलेखमा राखी हतकडी लगाउन सकिने आदेशमा उल्लेख गरिएको छ ।

अदालतको आदेशअनुसार हतकडी प्रयोग गर्दा प्रत्येक घटनाको वस्तुगत आधार र आवश्यकता अभिलेखित गर्नुपर्ने देखिएको छ ।

## राजनीतिकगतिविधिमा...

शिक्षकहरू विभिन्न राजनीतिक दलका कार्यक्रममा सहभागी भएको पाइएको जनाएको छ । स्थानीय तहअन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकहरू राजनीतिक दलका कार्यक्रममा सहभागी भए-नभएको विषयमा गहन निगरानी गर्न एकाइले आग्रह गरेको छ ।

शिक्षा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक आचरण र मापदण्ड तथा नेपाल सरकारका पछिल्ला निर्देशनविपरीत गतिविधि गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नसमेत एकाइले स्थानीय तहलाई आग्रह गरेको छ । उक्त पत्र शिक्षा विकास तथा समन्वय एकाइ बैतडीका प्रमुख दशरथ दत्त भट्टले जारी गर्नुभएको हो । पत्रको बोधार्थ शिक्षा तथा खेलकुद मन्त्रालयलाई दिइएको छ ।

त्यसैगरी, शिक्षा विकास तथा समन्वय एकाइ सिन्धुलीले पनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी राजनीतिक दलका कार्यक्रममा सक्रिय रूपमा सहभागी भएको पाइएमा कारबाही गर्न सम्बन्धित स्थानीय तहलाई निर्देशन दिएको छ ।

एकाइले दुधौली नगरपालिका, सुनकोशी गाउँपालिका र तीनपाटन गाउँपालिकालाई पत्राचार गर्दै सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट प्राप्त सूचनाका आधारमा शिक्षक तथा कर्मचारी राजनीतिक दलका कार्यक्रममा सहभागी भएको जानकारी प्राप्त भएको जनाएको छ ।

एकाइ प्रमुख तथा उपसचिव दिनेशप्रसाद देवकोटाले जारी गर्नुभएको पत्रमा सामाजिक सञ्जालमा प्रकाशित सामग्रीका आधारमा चार जना शिक्षक तथा कर्मचारी राजनीतिक गतिविधिमा संलग्न भएको उल्लेख गरिएको छ । पत्रमा प्रेमप्रसाद भट्टराई, सर्वेश्वर कोइराला, अर्जुनकुमार गौतम र यतिराज तिमल्सिनाको नाम उल्लेख गरिएको छ ।

उक्त गतिविधि शिक्षा नियमावली, २०५९ (दशौँ संशोधनसहित) मा उल्लिखित व्यवस्थाविपरीत हुने उल्लेख गर्दै सम्बन्धित शिक्षक तथा कर्मचारीमाथि प्रचलित कानुनअनुसार आवश्यक कारबाही गर्न स्थानीय तहलाई अनुरोध गरिएको छ ।

कारबाही गरिएको भए त्यसको जानकारी अविलम्ब शिक्षा विकास तथा समन्वय एकाइलाई गराउनसमेत पत्रमार्फत भनिएको छ । पत्रको बोधार्थ शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतको शिक्षा विभागलाई दिइएको छ ।

## तीननेपालीकिशोरीलाई...

बढाइने उहाँले जानकारी दिनुभयो ।

रौतहटका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले घटनाको पुष्टि गर्दै भारतीय प्रहरीसँग निरन्तर समन्वय भइरहेको बताउनुभयो । भारततर्फको कानुनी प्रक्रिया पूरा भएपछि किशोरीहरूलाई जिल्ला प्रहरी कार्यालय गौरमा ल्याई अभिभावकको जिम्मा लगाइने उहाँले जानकारी दिनुभयो ।

# भोटेकोशी-त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समिति गठन

काठमाडौँ, ५ असोज/ प्रतिनिधिसभाले हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपद्सम्बन्धी अध्ययन गर्न १५ सदस्यीय संसदीय विशेष समिति गठन गरेको छ ।

सोमबार बसेको प्रतिनिधिसभा बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०८३ को नियम १८० बमोजिम विशेष समिति गठनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । बैठकले प्रस्तावलाई सहमति जनाएको हो ।

समितिले हिमालमा जलवायु परिवर्तनको प्रभाव तथा भोटेकोशी-त्रिशूली विपद्को अध्ययन गरी प्रभावित नागरिकको पुनर्स्थापना, दिगो पुनर्निर्माण, भविष्यमा हुन सक्ने जोखिम न्यूनीकरण, कानुनी तथा संस्थागत सुधार र जलवायु न्यायका लागि राज्यले अवलम्बन गर्नुपर्ने कार्यदिशासहितको सिफारिस गर्नेछ ।

सभामुख अर्यालका अनुसार समितिका सदस्यमा सांसद अच्युतम लामिछाने, अनुस्का श्रेष्ठ, गंगा देवी श्रेष्ठ, गणेश पराजुली, धनञ्जय रेग्मी, ध्रुवराज राई, निशा डाँगी, पुष्पराज कँडेल, मोहन आचार्य, मिङ्मा ग्याबु शेर्पा, रमेशकुमार मल्ल, रविन्द्र पटेल, सरस्वती लामा, सुजाता तामाङ र सीता थपलिया रहनुभएको छ ।

समितिको कार्यावधि पहिलो बैठक बसेको मितिले तीन महिना रहनेछ । तोकिएको अवधिमा काम सम्पन्न गर्न नसकेमा कारण र थप आवश्यक अवधि खुलाएर प्रतिनिधिसभासमक्ष अनुरोध गर्न सकिने र सभाको निर्णयअनुसार कार्यावधि थप गर्न सकिने व्यवस्था रहेको सभामुख अर्यालले जानकारी दिनुभयो ।

समितिलाई हिमाली तापक्रम, हिमपात, हिमनदी, हिमताल तथा जलाधारमा भइरहेको परिवर्तन र त्यसबाट उत्पन्न जोखिमसम्बन्धी तथ्याङ्कको समीक्षा तथा अनुसन्धान प्रणाली सुदृढीकरणका उपाय सिफारिस गर्ने कार्यादेश दिइएको छ ।

त्यसैगरी विपद्का समयमा खोज तथा उद्धारको अवस्था, बेपत्ता नागरिकको अवस्था, राहत वितरण, अस्थायी बसोबास तथा प्रभावित नागरिकको जीविकोपार्जन सुधारका उपायबारे अध्ययन गरी आवश्यक सिफारिस गर्न समितिलाई जिम्मेवारी दिइएको छ । समितिले विपद्, वातावरण तथा भूउपयोगसम्बन्धी कानुन संशोधन वा पुनर्लेखनका लागि सुझाव दिनुका साथै तीनै तहका सरकारबाट विपद् व्यवस्थापन तथा पुनर्निर्माणका लागि विनियोजित बजेट, सञ्चालन भएका काम र प्रगतिसमेत संसदीय रूपमा अनुगमन गर्नेछ ।

## ब्राउनसुगरसहित...

पक्राउ पर्नेमा भारत बिहार राज्यको मोतिहारी जिल्लास्थित नकरदेही पञ्चायत-२ बिर्ताटोलका ४० वर्षीय दुखी साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार इलाका प्रहरी कार्यालय प्रसौनी र प्रहरी चौकी मुसहर्वाबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले आइतबार बिहान करिब ९:३० बजे भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका साहलाई रोकेर जाँच गरेको थियो ।

जाँचका क्रममा साहले साइकलको सिटमुनि प्लास्टिकमा लुकाएर ल्याएको अवस्थामा ७.३५ ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

ब्राउन सुगरसहित पक्राउ परेका साहविरुद्ध लागूऔषधसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## पर्साकोधोबिनीमा....

प्रहरी कार्यालय पोखरिया र जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी शव परीक्षणका लागि वीरगञ्जस्थित नारायणी अस्पताल पठाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले धोबिनीमा एक महिला मृत अवस्थामा फेला परेको सूचना पाएपछि प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान गरिरहेको बताउनुभयो

उहाँका अनुसार घरको झ्याल तथा दराज तोडिएको र गरगहना चोरी भएको प्रारम्भिक जानकारी प्राप्त भए पनि चोरी भएको सामान तथा त्यसको मूल्यबारे विस्तृत विवरण प्राप्त भइसकेको छैन ।

मृतकको टाउकोको पछाडिको बायाँ भागमा सामान्य चोट देखिएको प्रहरी नायब उपरीक्षक मल्लले बताउनुभयो । शव परीक्षणका लागि नारायणी अस्पताल पठाइएको र परीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र मृत्युको कारण यकिन हुने उहाँले जानकारी दिनुभयो ।

मृतक लखराव देवीका दुई छोरा र दुई छोरी रहेका छन् । उहाँका छोराहरू व्यवसायका सिलसिलामा काठमाडौँमा बस्दै आएको जनाइएको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## पोखरीमाडुबेरबेपत्ता...

बल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयबाट सशस्त्र प्रहरी नायब निरीक्षक भक्तबहादुर खत्रीको नेतृत्वमा सात सदस्यीय गोताखोर टोली परिचालन गरिएको थियो ।

खोजतलासका क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गोताखोर टोलीले सोमबार दिउँसो करिब १२ बजे बोट तथा बाँसको सहायतामा ठाकुरको शव पानीबाट बाहिर निकालेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक श्याम थापा मगरले जानकारी दिनुभयो ।

प्रहरीले मृतक बालकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाएको जनाएको छ ।

## धार्मिकसंरचना...

महानगरपालिकाले सहजीकरण गर्ने उहाँको भनाइ थियो ।

सडक विस्तारका क्रममा प्रभावित भई नयाँ संरचना निर्माण गर्नुपर्ने घरधनीलाई नक्सापासमा आवश्यक छुट तथा सहुलियत उपलब्ध गराउन महानगरपालिका तयार रहेको उहाँले जानकारी दिनुभयो । त्यसका लागि आगामी नगरसभाबाट आवश्यक निर्णय गराउने तयारी रहेको उहाँले बताउनुभयो

छलफलमा प्रभावित घरधनीका प्रतिनिधिहरूले सडक विस्तारका क्रममा आफूहरूले भोग्नुपरेका समस्या, सम्भावित क्षति तथा नयाँ संरचना निर्माण गर्दा आउन सक्ने व्यावहारिक कठिनाइबारे महानगर प्रमुख सिंहको ध्यानाकर्षण गराएका थिए ।

छलफलमा सज्जन घिरैया, ओमप्रकाश सिकारिया, सुमन क्याल, निरञ्जन चौधरी, प्रमोद सर्राफलगायत प्रभावित घरधनीका प्रतिनिधिको सहभागिता थियो ।





# डेढ वर्षपछि सञ्चालनमा आयो चिस्यान केन्द्रसहितको कृषि बजार



वीरगञ्ज,५ असोज/पर्साको पटेर्वा सुगौली गाउँपालिका-२ रंगपुरमा निर्माण सम्पन्न भएको चिस्यान केन्द्रसहितको आधुनिक कृषि बजार डेढ वर्षपछि सञ्चालनमा आएको छ।

किसानका कृषि उपज सङ्कलन, बिक्रीवितरण तथा भण्डारण गर्ने उद्देश्यले सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र गाउँपालिकाको संयुक्त लगानीमा एक करोड ३० लाख रुपियाँको लागतमा कृषि बजार निर्माण गरिएको हो।

निर्माण सम्पन्न भएपछि २०८१ फागुन ६ गते औपचारिक कार्यक्रम गरी उद्घाटन गरिएको भए पनि विद्युत्लगायत केही काम बाँकी रहेकाले बजार सञ्चालनमा आउन सकेको थिएन। बाँकी काम सम्पन्न गरी सोमबारदेखि नवनिर्मित संरचनामै बजार सञ्चालनमा ल्याइएको वडा नम्बर २ का वडाध्यक्ष विजय गैरेले जानकारी दिनुभयो।

उहाँका अनुसार सञ्चालनको पहिलो दिन साना-ठूला गरी तरकारीका करिब १२० वटा पसल सञ्चालनमा आएका छन्। यसअघि वर्षौंदेखि रंगपुर बजारको सडकमा हरेक सोमबार र शुक्रबार लाग्दै आएको हाट बजार अब नवनिर्मित कृषि बजार परिसरमै सञ्चालन हुनेछ।

कृषि बजारको व्यवस्थापनको जिम्मेवारी वडा नम्बर २ स्थित भुमरीमाई कृषि सहकारी संस्थालाई दिइएको छ। तत्कालका लागि किसान तथा व्यापारीलाई निःशुल्क रूपमा पसल सञ्चालन गर्न दिइएको वडाध्यक्ष गैरेले बताउनुभयो।

बजार नियमित र व्यवस्थित रूपमा सञ्चालन हुन थालेपछि छ महिनापछि शुल्क निर्धारण गरिने उहाँले जानकारी दिनुभयो। छ महिनापछि बजार व्यवस्थापन तथा सञ्चालनका लागि टेन्डर आह्वान गरी ठेक्का प्रक्रियामार्फत सञ्चालन गर्ने तयारी रहेको उहाँले बताउनुभयो।

आधुनिक कृषि बजारमा किसानले उत्पादन गरेका तरकारी सङ्कलन तथा बिक्रीवितरणका लागि छ वटा व्यवस्थित पक्की सेड, शौचालय र कम्पाउन्ड वाल निर्माण गरिएको छ। किसानका कृषि उपज भण्डारण गर्न बजार परिसरमै १९ लाख १९ हजार रुपियाँको लागतमा एक मेट्रिक टन क्षमताको मिनी चिस्यान केन्द्रसमेत निर्माण गरिएको छ।

कृषि बजारको भवनभित्र स्तनपान कक्षसमेत निर्माण गरिएको वडाध्यक्ष गैरेले जानकारी दिनुभयो।

बजार सञ्चालनमा ढिलाइ हुनुको मुख्य कारण केही पूर्वाधार तथा विद्युत्सम्बन्धी काम पूरा हुन बाँकी रहनु रहेको उहाँले बताउनुभयो। बजार सञ्चालनका विषयमा किसान तथा व्यापारीलाई सूचना गरी आग्रह गरिएको र सर्वदलीय बैठकमार्फत बजारको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी निर्णयसमेत गरिएको उहाँले जानकारी दिनुभयो।

# त्रिपुरेश्वर बस आगजनीबारे छानबिन समिति गठन



काठमाडौँ, ५ असोज / काठमाडौँको त्रिपुरेश्वरमा बसमा भएको आगजनीको घटनाको सत्यतथ्य पत्ता लगाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँले सात सदस्यीय छानबिन समिति गठन गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैरेको संयोजकत्वमा गठित समितिमा प्रहरीवृत्त कालीमाटीका प्रहरी नायब उपरीक्षक नरेश सिंह, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्ट, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय काठमाडौँका अनुसन्धान अधिकृत सुरेश केसी सदस्य रहनुभएको छ।

त्यस्तै, सार्वजनिक यातायात केन्द्रीय महासङ्घ नेपालका प्रतिनिधि धर्मराज रिमाल, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका प्रतिनिधि भीम ज्वाला राई र रिद्धिसिद्धी यातायात प्रालिका प्रतिनिधि लव केसी सदस्य रहनुभएको छ।

त्रिपुरेश्वरमा रिद्धिसिद्धी यातायातको बा.५ ख ४२७४ नम्बरको बसका चालकलाई ट्राफिक नियम उल्लङ्घन गरेको विषयमा पुर्जी काट्न खोज्दा विवाद भएको र त्यसपछि बसमा आगजनी भएको थियो।

छानबिन समितिलाई घटनासँग सम्बन्धित तथ्य, प्रमाण तथा सूचना सङ्कलन र विश्लेषण गर्ने, घटनास्थल प्रत्यक्ष देखेका तथा जानकार व्यक्तिसँग सोधपुछ गर्ने र घटनास्थल आसपासका सिसीटिभी फुटेज अध्ययन तथा विश्लेषण गर्ने जिम्मेवारी दिइएको छ। समितिले सात दिनभित्र जिल्ला प्रशासन कार्यालय काठमाडौँमा प्रतिवेदन पेस गर्नुपर्नेछ।

समितिले बसभित्र भएको आगजनीबाट गम्भीर घाइते भएका व्यक्तिको पृष्ठभूमि तथा अन्य प्रमाणिक विवरणसमेत यकिन गर्नेछ। साथै, घटनासँग सम्बन्धित भिडियो, सन्देश तथा सम्पर्क विवरणलगायत उपलब्ध डिजिटल प्रमाणको अध्ययन गर्ने कार्यादेश दिइएको छ।

घटनाको समग्र पक्षको विश्लेषण गरी बस पार्किङ बेमा पार्किङ गरिएको समयदेखि आगजनी भएको समयसम्मको घटनाक्रम अर्थात् 'टाइमलाइन' तयार गरी तथ्यगत विश्लेषण गर्नुपर्नेछ।

त्यस्तै, घटनासँग सम्बन्धित विवरण र प्रमाणका आधारमा घटना के-कसको कारणबाट भएको हो भन्ने यकिन गरी प्रतिवेदन पेस गर्नुपर्नेछ। आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने पूर्वसावधानी तथा नियन्त्रणका उपायसहितको सुझावसमेत समितिले दिनुपर्नेछ।

समितिले आफ्नो छानबिनको कार्यविधि र कार्यतालिका आफैँ तय गर्नेछ। समितिको सचिवालय जिल्ला प्रशासन कार्यालय काठमाडौँमा रहने प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले जानकारी दिनुभएको छ।

# असोज ९ देखि ११ गतेसम्म भारी वर्षाको सम्भावना

काठमाडौँ, ५ असोज / असोज ९ देखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही भू-भागमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले सोमबार साँझ विशेष मौसमी बुलेटिन जारी गर्दै उक्त अवधिमा केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षा हुन सक्ने जनाएको हो।

महाशाखाका अनुसार उत्तर अण्डमान सागर तथा आसपास विकसित भएको न्यूनचापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भू-भाग आसपासमा रहेको छ। उक्त मौसमी प्रणाली थप शक्तिशाली बन्दै पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्ने सम्भावना रहेको जनाइएको छ।

यस प्रणालीको प्रभावका कारण बुधबारदेखि कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि क्रमशः बढ्दै जाने महाशाखाले जनाएको छ। असोज ९ देखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही भू-भागमा भारीदेखि अति भारी वर्षा हुन सक्ने जनाइएको छ।

सम्भावित भारी वर्षाका कारण पहाडी क्षेत्रमा भू-क्षय, बाढी तथा गेग्रान बहावको जोखिम रहनुका साथै सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुन सक्ने महाशाखाले जनाएको छ।

वर्षाका कारण खोला तथा नदीमा पानीको सतह बढ्न सक्ने भएकाले नदी तथा खोलानाला आसपासका बासिन्दा तथा सम्बन्धित सबैलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ।

# दुई सुत्केरीको मृत्यु भएपछि अस्पतालमा छानबिन गर्न आग्रह




सप्तरी, ५ असोज / सप्तरीस्थित धर्मेश्वर अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराइएका दुई महिलाको मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय सप्तरीले घटनाको छानबिन गर्न मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले मन्त्रालयलाई पत्र पठाउँदै अस्पतालको सेवा सञ्चालनको अवस्था, अनुमति, पूर्वाधार, विशेषज्ञ जनशक्ति तथा उपचार प्रक्रियालगायत विषयमा विस्तृत अध्ययन गर्न अनुरोध गर्नुभएको हो।

लगातार दुई सुत्केरी महिलाको मृत्यु भएपछि अस्पतालले प्रसूति तथा शल्यक्रिया सेवा सञ्चालनका लागि आवश्यक मापदण्ड पूरा गरे-नगरेको विषयमा प्रश्न उठेको प्रशासनले जनाएको छ।

प्रशासनका अनुसार गत भदौ १६ गते प्रसूति व्यथा लागेपछि धर्मेश्वर अस्पतालमा भर्ना भएकी सप्तकोशी नगरपालिका-११ की २८ वर्षीया पुष्पा खड्गाको शल्यक्रियापछि स्वास्थ्य अवस्था गम्भीर बनेको थियो। थप उपचारका लागि अन्य अस्पतालमा रेफर गरिएकी खड्गाको सोही दिन मृत्यु भएको थियो।

त्यसैगरी, असोज १ गते अस्पताल भर्ना भएकी अग्निसाइर कृष्णासवरण गाउँपालिका-५ की २८ वर्षीया निर्मला चौधरीको पनि शल्यक्रियापछि स्वास्थ्य अवस्था जटिल बनेको थियो। थप उपचारका लागि अन्य अस्पतालमा रेफर गरिएकी चौधरीको उपचारका क्रममा असोज ४ गते मृत्यु भएको प्रशासनले जनाएको छ।


लगातार भएका दुई घटनामा अस्पतालको सेवा तथा उपचार प्रक्रियामा कुनै कमीकमजोरी रहे-नरहेको र दुवै महिलाको मृत्युको वास्तविक कारण पहिचान गर्न आवश्यक रहेको भन्दै प्रशासनले प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग विस्तृत छानबिनको आग्रह गरेको हो।

मन्त्रालयबाट हुने अध्ययन तथा छानबिनपछि अस्पतालको सेवा सञ्चालन, उपचार प्रक्रिया र मृत्युका कारणबारे थप तथ्य स्पष्ट हुने प्रशासनले जनाएको छ।

# राजनीतिक गतिविधिमा संलग्न शिक्षकलाई कारबाही गर्न निर्देशन

काठमाडौँ, ५ असोज / शिक्षा तथा खेलकुद मन्त्रालयले राजनीतिक दलका गतिविधिमा संलग्न शिक्षक तथा कर्मचारीमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न निर्देशन दिएको छ।

शिक्षक तथा कर्मचारी राजनीतिक दलका कार्यक्रममा सहभागी भएको विषय सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि शिक्षामन्त्री सस्मित पोखरेलले देशभरका विद्यालयमा शिक्षक तथा कर्मचारीका राजनीतिक गतिविधिमाथि निगरानी बढाउन र



कानुनविपरीत गतिविधिमा संलग्न भएको पाइएमा कारबाही गर्न निर्देशन दिनुभएको हो।

यसैबीच, शिक्षा विकास तथा समन्वय एकाइ बैतडीले जिल्लाका १० वटै स्थानीय तहलाई पत्राचार गर्दै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू राजनीतिक दलका कार्यक्रममा सहभागी भए-नभएको निगरानी गर्न निर्देशन दिएको छ।

एकाइले सामाजिक सञ्जालमा सार्वजनिक भएका समाचार तथा सूचनाका आधारमा केही विद्यालयका

*बाँकी तेश्रो पेजमा*

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३